# नारायणी डेभलपमेण्ट बैंक लिमिटेड

## शाखा कार्यालय टाँडी चितवनका

## तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०७/२७ गते मंगलबार चितबन पोष्ट दैनिक पत्रिकामा)**

यस बैंकका शाखा कार्यालय टाँडीका तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौट नगर्नु भएकोले यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय टाँडी, चितवनमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/०९/०९ गते मंगलबार सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको केन्द्रिय कार्यालय, रत्ननगर-०१, चितवनमा दिनको ठीक ४:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थितहुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

**१. ऋणी :** प्रदेश सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोगको कार्यालय भरतपुर, चितवन, नेपालमा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम मिति २०७८/१२/०७ मा दर्ता भई दर्ता नं. १०६९/०७८/०७९ (स्थानीय व्यापार) कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर, करदाता सेवा कार्यालय खैरहनी, चितवनबाट मिति २०७८/१२/०७ मा ६१७९५९७२८ को स्थायी लेखा दर्ता प्रमाण पत्र कायम भएको चितवन जिल्ला, खौरहनी नगरपालिका वडा नं. ०५ स्थित रजिर्ष्टड ठेगाना रहेको **शुष्मा सप्लायर्स (प्रोप्राइटरः शुष्मा चौधरी) ।**

**२. ऋणीः** चितवन जिल्ला, खौरहनी गा.वि.स. वडा नं. ०८ (हाल खौरहनी नगरपालिका वडा नं. ०५, चितवन) बस्ने, श्री सुनाही महतोको नाति, रोगाही महतो थारुको छोरा बर्ष ३१ को **श्री सन्देश चौधरी (ना.प्र.नं. ४९७०४, जारी मिति २०६६/०८/०९ जि.प्र.का. चितवन) ।**

| धनजमानतकर्ता/व्यक्तिगत जमानतकर्ता | व्यक्तिगत जमानतकर्ता |
|---|---|
| **नाम : सन्देश चौधरी** (ना.प्र.नं. ४९७०४, जारी मितिः २०६६/०८/०९ जि.प्र.का. चितवन)<br>बबु : रोगाही महतो थारु<br>बाजे : सुनाही महता<br>स्थायी ठेगाना : चितवन जिल्ला, खौरहनी गा.वि.स. वडा नं. ०८<br>हालको ठेगानाः चितवन जिल्ला, खौरहनी नगरपालिका वडा नं. ५ | **नाम : शुष्मा चौधरी** (ना.प्र.नं.३५-०१-७२-०४९६३, जारी मितिः २०७२/०५/०२ जि.प्र.का. चितवन )<br>पति : सन्देश चौधरी<br>ससुराः रोगाही महतो थारु<br>स्थायी ठेगाना : चितवन जिल्ला, खौरहनी नगरपालिका वडा नं. ५<br>हालको ठेगानाः चितवन जिल्ला, खौरहनी नगरपालिका वडा नं. ५ |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

सन्देश चौधरीको नाममा चितवन जिल्ला मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला हाजिपुर गा.वि.स. वडा नं. ४ नक्सा सिट नं.४ क स्थित कि.नं. ९५६ र १५९ (९१४.३३ र ९४४८.०४ ब.मी.) भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

सम्पूर्ण गोश्वारा पत्र (Hypothecation) तथा मौज्दात (Stock) र करार सम्पति (Leasehold Asset)

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय टाँडी, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय टाँडीबाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखिल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, टाँडी, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय टाँडीमा सम्पर्क राख्न सकिनेछ ।


नारायणी डेभलपमेन्ट बैंक लि.
**Narayani Development Bank Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np